नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः- २०७८।०८।२०**

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत, पाटन, ललितपुरमा मिति २०७८।०८।२० मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः** बारा जिल्ला, साबिक उमजन गा.बि.स. वडा नं. ६ हाल करैया गाँउपालिका वडा नं. ७ स्थायी ठेगाना भएका **यादब बिजनेश ट्रेड लिङ्क (स्थायी.ले.नं. ६०२४००६३३)** का प्रोपराइटर सोनालालप्रसाद यादब समेत ५ जना ।

२. **कसुरको संक्षिप्त विवरणः** यादब बिजनेश ट्रेड लिङ्क (स्थायी.ले.नं. ६०२४००६३३) ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको ।

३. **कायम भएको विगो र सजायको मागदाविः** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित साविक दफा ४ को उपदफा (क), (ख) र (घ) तथा (पहिलो संशोधन) को दफा ४ को उपदफा (क), (ग) र (झ) वमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) हुन आउने मु.अ.कर तर्फ रु. ४,३१,१९,०२६।- र आयकर तर्फ रु. ७,८९,४२,२०७।- समेत जम्मा हुन आउने कुल विगो रु.**१२,२०,६१,२३३।-** **(बाह्र करोड वीस लाख एकसठ्ठी हजार दुई सय तेत्तीस रुपैया)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०५२ को दफा २३(१) बमोजिम निजबाट विगो **रु. १२,२०,६१,२३३।-** असुल गरी सोही ऐनको दफा २३(१) बमोजिम कायम भएको विगोको शत प्रतिशत **रु. १२,२०,६१,२३३।-** जरिवाना तथा दफा २३(१)(ग) बमोजिम हदैसम्मको ३ वर्षसम्म कैद सजायको मागदावी गरी यो अभियोग पत्र दायर गरिएको छ ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • जयकिशोर साह<br>• परमेश्वर साह<br>• मुकेशकुमार झा<br>• सानुकुमार श्रेष्ठ<br>• सोनालालप्रसाद यादब | १२,२०,६१,२३३। | १२,२०,६१,२३३। | २४,४१,२२,४६६। |

सूचना अधिकारी
राजस्व अनुसन्धान विभाग